मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ३१ गते सोमबार (Monday, 15 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बाढीपहिरोः १०८ जनाको मृत्यु

**काठमाडौं, असार ३०।** अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी आइतबार दिउँसोसम्म १ सय ८ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरो लगायतका विपद्रुमा परी काठमाडौं उपत्यकामा २ जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा ९ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ४ जना र सुदूरपश्चिम प्रदेशमा ८ जना गरी

(बाँकी अन्तिम पृष्ठमा)

# ओली प्रधानमन्त्रीमा नियुक्त

**काठमाडौँ, असार ३०।** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले अध्यक्ष ओलीलाई नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम आज प्रधानमन्त्री पदमा नियुक्त गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री पदमा नियुक्त भएका हुन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबार प्रतिनिधिसभाको बैठकमा विश्वासको मत नपाएपछि राष्ट्रपति पौडेलले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि यही आइतवार अपरान्ह ५ बजेभित्र दाबी पेश गर्न आव्हान गरेका थिए ।

राष्ट्रपतिले दाबी पेश गर्न आह्वान गरे लगत्तै कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीले दलका नेताका हैसियतमा संसदको बहुमत सदस्यको हस्ताक्षरसहित अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा नियुक्तिका लागि शुक्रबार नै दाबी पेश गरेका थिए । प्रधानमन्त्री ओलीको शपथ सोमबार विहान ११ बजे हुने राष्ट्रपति कार्यालयले जनाएको छ ।

**नवनियुक्त प्रधानमन्त्री ओलीको जीवनी**

संविधानको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकमा समृद्धि र विकासका लागि बलियो एवम् स्थिर सरकारको आवश्यकता देखिएका बेला ४५औं प्रधानमन्त्रीका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली नियुक्त भएका छन् । नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली नेपाली राजनीतिको केन्द्रमा रहने एक राजनीतिज्ञ हुन् ।

प्रधानमन्त्री ओलीलाई देशका प्रमुख राजनीतिक पार्टी कांग्रेस र एमालेको प्रस्तावमा करिब दुई तिहाइको समर्थनमा सरकारको नेतृत्व गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा, ७६ (२) बमोजिम आइतवार प्रधानमन्त्रीमा नियुक्त अध्यक्ष ओली संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको समर्थनमा मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारीमा पुनः आएका हुन् । संसद् विघटन र सर्वोच्च अदालतमा रिट निवेदन परेका अवधिलाई गणना नगर्ने हो भने अध्यक्ष ओली यसअघि तीन कार्यकाल प्रधानमन्त्री भइसकेका छन् ।

वि.सं. २०७१ साउन १ गते सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनमा अध्यक्षमा निर्वाचित ओली स्पष्ट अडान राख्ने र दृष्टिकोणमा अडिग रहने नेताका रूपमा चिनिन्छन् । उनको गतिशील एवम् सबल नेतृत्वमा पार्टी पनि यही देष्टिकोणका साथ अघि बढेको छ ।

नेपालको वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते अध्यक्ष ओली पहिलोपटक मुलुकको प्रधानमन्त्री बनेका थिए । यसैगरी, वि.सं. २०७४को आम निर्वाचनपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को समर्थनमा २०७४ फागुन ३ गते झण्डै दुई तिहाइ बहुमतसहित उनले दोस्रोपटक सरकारको नेतृत्व गरेका थिए ।

त्यसपछि २०७५ जेठ ३मा एमाले र माओवादी केन्द्रको एकता भई उनी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुई अध्यक्षमध्ये पहिलो वरियताको अध्यक्ष भएका थिए । पार्टीभित्रको विवादका कारण उनी नेतृत्वको सरकार अल्पमतमा परेको थियो । तत्कालीन राजनीतिक घटनाक्रमका बीच प्रधानमन्त्रीका हैसियतले मध्यावधि निर्वाचनका लागि गरेको सिफारिस सर्वोच्च अदालतको आदेशबाट बदर भएपछि अध्यक्ष ओली सरकारको नेतृत्वबाट बाहिरिएका थिए ।

**किसान परिवारमा जन्म,**
**पञ्चायतविरोधी आन्दोलनमा अगुवाइ**

निम्न मध्यम वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमाया ओलीको सुपुत्रका रुपमा जन्मिएका प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो संघर्ष, जेलनेल, पटक-पटक कठोर यातना भोग्ने सीमित नेताहरुमा पर्छन् । पूर्वी पहाडी जिल्ला तेह्रथुमको



आठराईस्थित इवा गाउँको साधारण किसान परिवारमा २००८ साल फागुन ११ जन्मिएका ओली चार वर्षको उमेरमै मातृस्नेहबाट विमुख हुन पुगेका थिए । हजुरआमा रमादेवी ओलीको पालनपोषणमा हुर्किएका ओलीले बालक छँदा पढाइका साथै ग्रामीण किसान परिवारमा गरिने सबै काम गरेका थिए ।

तेह्रथुम छोडेर २०20 सालमा उनको परिवार झापा बसाइँ सऱ्यो । झापाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा अन्तरघुलित हुँदै जिज्ञासु स्वभावका ओलीले किशोर अवस्था पार गरे । हरेकजसो विषयमा जिज्ञासा राख्ने स्वभावले ओलीलाई समाजभित्र हुने असमानता, विभेद र पक्षपातलगायतका प्रश्नहरुको उत्तर खोज्नतिर प्रेरित गऱ्यो ।

अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत संघर्षबाट भएको हो । राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका लागि कम्युनिष्टहरुको सहभागितामा भएको आन्दोलनमा उनको नेतृत्वदायी भूमिका रहँदै आएको छ ।

उनले लोकतान्त्रिक संरचनाहरुको सबलीकरण, राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्रको मूल्यमान्यतप्रति प्रतिबद्धता, उग्रता र भड्काउहरुबाट समाजको रक्षा र जनताको जीवनमा सुखशान्तिका लागि अविचलित रूपमा अग्रणी भूमिका निर्वाह गरेका छन् । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने सङ्कल्पलाई काँधमा बोकेर मुलुक र जनताको सेवाका लागि सरकारको नेतृत्वमा रहँदा र नरहँदा पनि अहोरात्र खट्ने अध्यक्ष ओली कुशल वक्ता, तार्किक र अध्ययनशील नेतासमेत हुन् ।।

करिब छ दशक लामो राजनीतिक यात्राका क्रममा १४ वर्ष कठोर जेलजीवन बिताएका अध्यक्ष ओली २०७८ मंसीरमा चितवनमा सम्पन्न एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट दोस्रो कार्यकालका लागि भारी मतका साथ अध्यक्षमा निर्वाचित भएका थिए ।

पन्ध्र वर्षेको किशोर उमेरमै २०२३ सालमा उनी रामनाथ दाहालको अगुवाइमा रहेको मार्क्सवादी अध्ययन दलमा सामेल भए । नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जङ्गलमा लगेर गोली हानी हत्या गऱ्यो, उनीहरूलाई अहिले झापा आन्दोलनका शहीदका रूपमा चिनिन्छ ।

मार्क्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता पाए । पार्टी सदस्यता पाएको वर्ष नै पहिलोपटक उनी गिरफ्तारीमा परे । वि.सं. २०२८ मा ओली झापा आन्दोलन कमिटीको प्रमुखमा मनोनीत भएका थिए । सोही आन्दोलनको आधारभूमिबाट अघि बढ्दै गएको पार्टी अहिलेको एमाले हो ।

निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरु २०३० सालमा पक्राउ परेका थिए । त्यसपछि उनले

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषध कारोबार गर्ने मलेशियन नागरिक पक्राउ




**काठमाडौँ, असार ३०।** प्रहरीले झण्डै छ किलो कोकिनजस्तो देखिने पदार्थसहित एक मलेशियन नागरिकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँको विशेष टोली र प्रहरी वृत्ति लैनचौरको संयुक्त टोलीले आइतवार ठमेलस्थित काठमाडौँ सिटी होटलबाट ४७ वर्षीया मलेशियन महिला बाथुमलाई भादिभालोलाई पक्राउ गरेको हो ।

प्रहरीले भादिभालोका साथबाट पाँच किलो आठ सय २० ग्राम कोकिनजस्तो देखिने पदार्थ बरामद गरेको छ । प्रहरी परिसर काठमाडौँले पत्रकार सम्मेलनमार्फत बरामद गरिएको लागूऔषधसहित महिलालाई सार्वजनिक गरेको हो ।

ती महिलाले छवटा विद्यालय झोलामा 'फल्स बटम' बनाई उक्त पदार्थ थाइल्याण्डको बैङ्कक हुँदै नेपाल भित्र्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । बरामद गरिएको लागूऔषधको अन्दाजी मूल्य रु. २० करोड ३७ लाख हुने प्रहरीले जनाएको छ । उक्त होटलमा लागूऔषधको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो । ती महिला मलेशियाबाट १२ जुलाई २०२४ मा लाओस पुगेको, लाओसबाट १३ जुलाईमा थाइल्यान्डको बैङ्कक हुँदै राति ११:२५ बजे काठमाडौँ आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । निजका साथबाट यही जुलाई १९मा काठमाडौँबाट मलेसिया फर्कने हवाई टिकट फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकी महिलाले लाओस् वा थाइल्यान्डबाट कोकिन ल्याएको प्रहरीको आशंका छ । कोकिन पठाउने लाओस वा थाइल्यान्डमा रहेको र पाउने भारतमा रहेको अनुमान गरिएको छ । ती महिलाले 'मेडियटर'को काम गरेको अर्को व्यक्ति भारतबाट काठमाडौँ लिन आएको हुनसक्ने प्रहरीको भनाइ छ । ती महिला पाँच/छपटक नेपाल आएको प्रारम्भिक

(बाँकी अन्तिम पृष्ठमा)

# मोरङमा बढ्दो वन, रोपियो ५७००० बिरुवा

**मोरङ, असार ३०।** जिल्लास्थित डिभिजन वन कार्यालयले यस वर्ष ३६ हेक्टर बाँझो जमिनमा ५७ हजार छ सय बिरुवा रोपेको छ । 'जहाँ बाँझो त्यहाँ वृक्षरोपण, जहाँ वन त्यहाँ व्यवस्थापन' भन्ने नाराका साथ सरकारले शुरु गरेको वृक्षरोपण अभियानलाई सफल बनाउन कार्यालयले विभिन्न प्रजातिका ५७ हजार छ सय बिरुवा रोपेको हो ।

जिल्लाको कूल एक लाख ८५ हजार पाँच सय ५० क्षेत्रफलमध्ये हाल ४४ हजार पाँच सय ४० हेक्टर जमिनमा वन रहेको कार्यालयका सूचना अधिकृत रामलखन ठाकुरले जानकारी दिए । एक सय ३७ सामुदायिक, चार साझेदारी, १२ धार्मिक र छ सय १८ वटा निजी वन रहेका छन् ।

नदी उकास क्षेत्रमा खयर र बाँस, चुरे महाभारत क्षेत्रमा तेजपाल, टिमुर, हर्रो, बर्रो, सहरी क्षेत्रमा कल्की, अशोक, अमला र अम्बक, सामुदायिक वनमा साल, सतिसाल, कर्मा र किसानको निजी वनमा मसला, टिक, टाँकीलगायत बिरुवा लगाइएको सूचना अधिकृत ठाकुरले जानकारी दिए । उनका अनुसार वनको विकास र विस्तार गर्न मोरङमा २२ स्थानमा उत्पादन गरिएका बिरुवा वितरण गरी लगाइएको हो ।

वनले ९० प्रजातिका बिरुवा उत्पादन गरेको छ । लक्ष्मी सामुदायिक वन उपभोक्ता समिति बेलबारीद्वारा बेलबारी नगरपालिका-११ स्थित लक्ष्मीमार्गमा पाँच दशमलव पाँच हेक्टर जग्गामा विभिन्न प्रजातिका आठ हजार बिरुवा रोपिएको समितिका अध्यक्ष सुजय गौतमले जानकारी दिए ।

जिल्लामा ९६ प्रतिशत वन पूर्वपश्चिम राजमार्गदेखि उत्तरतर्फ छ । राजमार्गको दक्षिणी क्षेत्रमा वन क्षेत्र बढाउन वृक्षरोपण गर्नुपर्ने आवश्यकता भएकाले मठमन्दिर, नदी किनार, गौचरन र सार्वजनिक एवम् खाली जग्गामा वृक्षरोपण गरिएको डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले बताए । जिल्लामा पछिल्लो चार वर्ष क्रमशः उत्पादित काठको बिक्री घटेको तथ्याङ्क रहको छ- उनले भने ।

आर्थिक वर्ष २०७७/०७८मा एक लाख ५४ हजार दुई सय ३८ घनफिट काठ बिक्री भएको थियो । आव २०७८/७९मा ९८ हजार पाँच सय २५ घनफिट, २०७९/८०मा ६६ हजार ६१ घनफिट र २०८०/८१मा अनुमानित ३५ हजार चार सय घनफिट काठ बिक्री भएको तथ्याङ्क रहेको वन कार्यालयका वन अधिकृत घनश्यामकुमार यादवले जानकारी दिए । काठको उत्पादनमा वार्षिक रुपमा कमी आएकाले बिक्री घटेको उनले बताए ।

वनजङ्गलमा देखिएको निकै पुराना रूखले गर्दा नयाँ बिरुवा हुर्कन नसक्ने र पछि जङ्गल पातलिने भएकाले वनलाई घना बनाई व्यवस्थित गर्न सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेको थियो । विसं २०७७ माघदेखि उक्त कार्यक्रम बन्द भएको छ । उक्त कार्यक्रम बन्द भएपश्चात् क्रमशः काठको उत्पादन घटेको वन अधिकृत यादवले बताए ।

वर्षमा तीनपटकसम्म काठ बिक्रीका लागि निवेदन माग गर्दा विगतका वर्षहरुमा तीन सयभन्दा बढी निवेदन आउने गरेकामा पछिल्लो समय ५० को हाराहारीमा मात्र निवेदन पर्ने गरेको वन अधिकृत यादवले जानकारी दिए । उनको अनुसार 'ए' ग्रेडको सालको मूल्य रु. एक हजार दुई सय ५० प्रतिघनमिटर, 'बी' ग्रेडको रु. एक हजार, 'सी' ग्रेडको रु. ६ सय र 'डी' ग्रेडको रु. तीन सय ५० प्रतिघनमिटरका साथै भ्याट शुल्क, सङ्कलन बापतको शुल्क र प्रतिघनमिटरको रु. सात प्रदेश सेवा शुल्क जोडेर बिक्री हुने गरेको छ ।

हाल करिब ९० हजार घनमिटर काठ घाटगद्दीमा भण्डारणमा रहेको भन्दै काठको उत्पादन घटेसँगै

(बाँकी अन्तिम पृष्ठमा)

## स्कुटर र कार ठोक्किँदा बिरीङ पुलबाट खसेर घाइते

**झापा, असार ३०।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत झापाको कनकाई नगरपालिकास्थित बिरीङ पुलमा सवारी दुर्घटनन हुँदा एकव्यक्ति पुलमुनि खसेर घाइते भएका छन् ।

कनकाई नगरपालिका-८ स्थित बिरीङ पुलमा कारले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक पुलमाथिबाट खोलामा खसेका थिए ।

दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको मे१प ३६९६ नम्बरको कारले बिपरित दिशातर्फ जाँदै गरेको प्र १-०१-०१५ प ७६९७ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक कनकाई-३स्थित नमूना टोलका ४५का देबेन्द्र बस्नेत पुल माथिबाट खोलामा खसेर घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज न्यौपानेले जानकारी दिए ।

घाइतेको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ । उनको टाउको, छाती, हात र खुट्टामा चोट लागेको छ । स्कुटर इलाका प्रहरी कार्यालय सुरुङ्गाको नियन्त्रणमा रहेको छ । कार र कार चालक बुद्धशान्ति गाउँपालिका-३ महानन्द टोल बस्ने बर्ष ४६का सुशान्त श्रेष्ठलाई इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## १४ जना जुवाडे पक्राउ

**काठमाडौं, असार ३०।** जुवातास खेलिरहेको अवस्थामा प्रहरीले दुई स्थानबाट १४ जनालाई पक्राउ गरेको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौंको चन्द्रागिरी नगरपालिका-५स्थित यातायात कार्यालय नजिक बस्ने ४२ वर्षीय प्रकाश पौडेलको घरमा जुवातास खेलिरहेको अवस्थामा पौडेल समेत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग बलम्बुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६९ हजार ४ सय ४५ रूपैयाँ र १ सय ६० पत्ती ताससहित पक्राउ गरेको हो ।

यसैगरी डडेल्धुराको अमरगढी नगरपालिका-५ तुफानडाँडा बस्ने ४० वर्षीय हिक्मत ऐरको घरमा जुवातास खेलिरहेको अवस्थामा ऐर समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ९५ हजार १ सय ५ रूपैयाँ र १ हजार १ सय ६५ पत्ती तासहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## बुढासुब्बासहितका मन्दिरमा भक्तजनको घुइँचो

**सुनसरी, असार ३०।** धरानका मन्दिरहरुमा भक्तजनको बाक्लो उपस्थिति देखिएको छ । साउन महिनामा बोलबम सुरु हुने भएकाले यहाँका मन्दिरहरुमा असारभित्रै भाकल पूरा गर्न आउने भक्तजनको भीड लागेको हो ।

इटहरीका वर्षा बुढाथोकी साउनमा बली चढाउन नमिल्ने भएकोले भाकल पूरा गर्न असार पारेर आएको बताए । उनले भने- बूढासुब्बाप्रति अगाध आस्था छ । भर्खरै विवाहबन्धनमा बाँधिएका दम्पतीले यहाँ भाकल गरेर भाकल बुझाएमा मनोकांक्षा पूरा हुने विश्वास छ । यस मन्दिर परिसरमा रहेको बाँसमा प्रेमिल जोडीले धागो बाँध्ने चलन रहिआएकाले धागो बाँध्न आएको उनले बताए ।

भाकल पूरा गर्न झापाबाट धरान आएका अञ्जना कार्की पनि साउनमा बलि दिन नमिल्ने भएकाले असार अन्तिममा भाकल पूरा गर्न आएको बताइन् । उनले भनिन्- म वर्षेपिच्छे बुढासुब्बा मन्दिरमा भाकल पूरा गर्न भाले लिएर आउने गर्छु । मैले भाकल गरेर मागेको कुरा पूरा



पनि हुने गरेको छ ।

दश वर्ष अधिसम्म बूढासुब्बा मन्दिरको बाँसमा नाम लेख्दा प्रेम अमर हुन्छ भन्ने विश्वासले बाँसमा नाम लेख्ने चलन थियो । विस्तारै यहाँका बास मर्न थालेपछि मन्दिर व्यवस्थापन समितिले बाँस वरिपरि तारजाली लगाएको छ । त्यसयता बाँसको वरिपरि माला बाँध्ने लहर बढेको हो ।

बुढासुब्बा आउने भक्तजनले कुखुराको भाले, अण्डा र फलफूल लिएर पूजा गर्न आउने गर्छन् । यहाँ पूजा गर्न मुलुकका अधिकांश ठाउँ र भारतको सिक्किम दार्जीलिङलगायतका स्थान बाट आउने गरेका छन् । भाकल गर्नेहरुले बुढासुब्बा मन्दिरमा भाले र नजिकै रहेको गौरिनी मातालाई पोथी वा पोथी नभएमा कुखुराको अण्डा चढाउने परम्परा छ । मन्दिर नजिकै फूलमाला बेच्दै आएका मोहम्मद जमिन अन्यबेला भन्दा असार अन्तिममा भक्तजनको भीड धेरै भएको बताउँछन् । उनले साउन महिनाभरि काटमार गर्न नहुने भएकाले असार अन्तिममा वर्षेनी भीडभाड हुने गरेको बताए ।

असारको अन्तिम शनिबार हिजो र आज सबैभन्दा धेरै भक्तजन आएको बुढासुब्बा मन्दिरका पुजारी डम्बर आलेमगरले बताए । शनिबार पाँच हजारभन्दा बढी भक्तजन आएका थिए । साउनभर धरान उपमहानगरपालिका-१४ विजयपुरस्थित पिण्डेश्वर मन्दिरमा बोलबम मेला लाग्ने

(बाँकी अन्तिम पृष्ठमा)

## हात्तीले चार घरमा क्षति पुऱ्यायो

**झापा, असार ३०।** जिल्लाको बिर्तामोड नगरपालिका-७ स्थित डाँडागाउँमा हात्तीले चारवटा घरमा क्षति पुऱ्याएको छ । शनिवार राति आएका चारवटा हात्तीले चार घरमा क्षति पुऱ्याएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता कृष्णकुमार चन्दले हात्तीले ती घरमा क्षति पुऱ्याउँदा रु. तीन लाख १० हजार बराबरको क्षति भएको जानकारी दिए । हात्तीले स्थानीय नवराज लिम्बू, डम्बर विक, सोनु सुनुवार र खगेन्द्र घिमिरेको घरका पर्खाल भत्काउनाका साथै घरभित्र अन्नपातसमेत नष्ट गरेको उनले बताए ।

बिर्तामोड-७ का वडाध्यक्ष कृष्णप्रसाद खरेलले अस्थायी प्रहरी चौकी गरामनीमा हात्ती बस्ती पसेर स्थानीयको घरमा क्षति पऱ्याएको विषयमा जानकारी गराइएको बताए । घटनाको जानकारी पाएपछि प्रहरी घटनास्थल पुगेको थियो ।

## बाढीपहिरो ...

जम्मा १ सय ८ जनाको मृत्यु भएको हो ।

साथै काठमाडौं उपत्यकामा ८ जना, कोशी प्रदेशमा ३१ जना, मधेश प्रदेशमा ९ जना, बागमती प्रदेशमा ७ जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय १९ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्दार गरिएको छ । बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा २ जना र गण्डकी प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ६ जना वेपत्ता भएका छन् ।

## लागूऔषध...

अनुसन्धानबाट खुलेको छ- प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले भने- काठमाडौँलाई 'ट्राञ्जिट' बनाएको देखिएको छ, यसबारेमा अनुसन्धान भइरहेको छ ।पक्राउ परेकी महिला मलेशियाको भाषा मात्र बोल्ने भएकाले थप अनुसन्धानमा जटिलता थपिएको उनको भनाइ छ ।

ती महिलाले कोकिन काठमाडौँलाई 'ट्रान्जिट' बनाएर भारत पठाउन लागेको आशङ्का गरिएको छ । उक्त कोकिन लिन आउने व्यक्तिको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ । अहिले ठूलो परिणामको लागूऔषधसँगै पक्राउ परेकी ती महिलाले यसअघि पनि पटक-पटक नेपाल आउँदा लागूपदार्थको ओसारपसार गर्ने गरेको हुनसक्ने निष्कर्षसहित अनुसन्धानलाई व्यापक बनाइएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले बताए ।

## बुढासुब्बासहित ...

भएकाले धरानका सबै मठमन्दिरमा साउन महिनाभरि बलि दिन नपाइने चलन छ ।

साउन महिनाभरि बोलबम मेला लाग्ने भएकाले भाकल पुरा गर्न र बलि चढाउन साउन अगाडि बुढासुब्बा, पिण्डेश्वर, दन्तकालीलगायतका मन्दिरमा भक्तजन आउने गरेका छन् ।

## मोरङमा ...

माग नबढेको वन प्रमुख घिमिरेले बताए । उपभोक्ताबाट काठको मागमा कमी आएको छ । नयाँ घर निर्माणमा कमी, वैकल्पिक निर्माण सामग्रीको प्रयोगलगायत कारणले माग घटेको हुनसक्छ- उनले भने ।

## ओली ...

चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन बिताए ।

अध्यक्ष ओली जेलमै रहँदा २०३५ साल पुस ११ मा गठित नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापकको हैसियतमा भए । २०४४ साल असार ११ गते जेलबाट रिहा भएपछि सोही वर्षको पुस २ मा बसेको नेकपा (माले)को केन्द्रीय कमिटी बैठकले उनलाई केन्द्रीय सदस्यमा मनोनयन गरी पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी तोक्यो ।

नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष बने । नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पार्टी एकीकरण भएर नेकपा (एमाले) बन्यो र एकीकृत पार्टीमा ओली केन्द्रीय सदस्य रहे ।

**संसदीय यात्रा र एमालेको नेतृत्व**

बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा झापा-६ बाट प्रतिनिधिसभाको सदस्यमा ओली निर्वाचित भए । त्यसको तीन वर्षपछि २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा झापा-२बाट उनी प्रतिनिधिसभा सदस्य चुनिए । यही बीचमा पार्टी जिम्मेवारीका क्रममा उनी पोलिटब्यूरो सदस्यसहित विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुख भए ।

बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा बनेको प्रथम जननिर्वाचित कम्युनिष्ट सरकारमा उनी पहिलोपटक मुलुकको गृहमन्त्री भए । उनले सफल गृहमन्त्रीको मानक स्थापित गरे ।

जनकपुरमा २०५९ सालमा भएको एमालेको सातौँ राष्ट्रिय महाधिवेशनमा ओलीबाट प्रस्तुत पार्टीको आन्तरिक लोकतान्त्रिकीकरण गरी बहुपदीय प्रणालीमा जाने प्रस्ताव प्रस्तुत भएपछि पार्टीको उनको प्रभाव थप विस्तारित भयो । सो प्रस्तावलाई २०६५ सालमा बुटवलमा भएको आठौँ राष्ट्रिय महाधिवेशनले पारित गर्‍यो । उनको प्रस्तावलाई महाधिवेशनले पारित गरे पनि उनी पार्टी अध्यक्षमा तत्कालीन अध्यक्ष झलनाथ खनालसँग झिनो मतान्तरले पराजित भए । दुईपटक मिर्गौला प्रत्यारोपण गराएका ७३ वर्षीय अध्यक्ष ओली समकालीन अन्य नेताभन्दा बढी सक्रिय देखिएकाले विकास र समृद्धिको अधुरो यात्राले गति लिने अपेक्षा गरिएको छ ।


### फर्ममा कर्मचारी आवश्यकता

झापाको एक गाई फर्ममा काम गर्ने १ जना जागर भएको फूर्तिलो कर्मचारीको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
उमेर २५ बर्षदेखिमाथि काम गर्न सक्नेसम्मको
तलबः आपसी समझदारीमा अन्य सेवासुविधासहित ।

सम्पर्कः ९८१५९६४०५३
पाथीभरा दूध डेरी, बिर्तामोड-१, अतिथि सदन रोड, झापा



### लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,**

- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






### एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


**वि.स.२०८१ साउन ०१ गते (इ.सं.२०२४/०७/१६) देखि लागु हुने ब्याजदर**

**निक्षेप**

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| **१.चल्ती/कल डिपोजिट** | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम १.०० सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| **२.बचत खाता** | | |
| साधारण बचत (NS) | १०० | ३.५५ |
| एक्सेल सुपर सेभिङ्ग(ESS) | १०० | ३.५५ |
| महिला बचत (WS) | १०० | ३.५५ |
| बिद्यार्थी बचत (SS) | १०० | ३.५५ |
| बाल बचत (CS) | १०० | ३.५५ |
| कर्मचारी बचत (KK) | १०० | ३.५५ |
| जेष्ठ नागरिक वचत खाता(SCS) | १०० | ३.५५ |
| नागरिक वचत खाता | १०० | ३.५५ |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | ३.५५ |
| लकर वचत खाता | १०,००० | ३.५५ |
| बम्पर बचत खाता | १०० | ३.५५ |
| मेरो तलव खाता | ० | ३.५५ |
| मेरो पेन्सन खाता | ० | ३.५५ |
| हाम्रो बचत खाता | १०० | ३.५५ |
| एक्सेल रेमिट खाता | १०० | ५.५५ |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | ४.०० |
| मेरो नानी बाबुको वचत खाता | १०० | ४.०० |
| एक्सेल समृद्धि वचत खाता | २,००० | ४.०० |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | ४.५५ |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (% प्रतिवर्ष): व्यक्तिगत खाताको लागि — मासिक / त्रैमासिक ब्याज भुक्तानी | संस्थागत खाताको लागि — त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|
| ३ महिने मुद्दति खाता | ४.५० | - |
| ६ महिने मुद्दति खाता | ४.७५ | ३.७५ |
| ९ महिने मुद्दति खाता | ५.०० | ४.०० |
| १ वर्ष वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ६.०० | ५.०० |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ६.५० | ५.५० |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथी उल्लेखित समयावधि बमोजिमको व्याजदरमा १% थप गरिनेछ । | |
| एक्सेल कर्पोरेट प्रिमियम मुद्धति निक्षेप खाता (३ वर्ष वा सो भन्दा बढी) | - | ५.५० |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| ऋवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ६.०० |
| २ वर्ष अवधि | ६.२५ |
| ३ वर्ष अवधि | ६.५० |
| ४ वर्ष अवधि | ६.७५ |
| ५ वर्ष अवधि | ७.०० |

**कर्जा**

| कर्जाको प्रकार | प्रिमियमदर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसायकर्जा) (रु १ करोड भन्दा बढी) | +३.५० सम्म |
| २. रिटेल कर्जा | |
| उपभोक्ता कर्जा | |
| शिक्षा कर्जा | |
| घर कर्जा | |
| मार्जिन (शेयर) कर्जा | |
| व्यक्तिगत ओ.डी. कर्जा | |
| व्यक्तिगत आवधिक कर्जा | |
| निजी सवारी साधन कर्जा | |
| व्यवसायिक सवारी साधन | |
| विद्युतिय सवारी साधन | |
| ३.रियल स्टेट कर्जा | |
| व्यवसायिक कर्जा | |
| आवासिय घर कर्जा | |
| व्यक्तिगत आवधिक | |
| ४. सुन चाँदी धितो कर्जा | |
| ५.साना तथा मझौला कर्जा | |
| ६.ग्रिन कर्जा | +२.५० सम्म |
| ७.विपन्न वर्ग कर्जा | |
| व्यक्तिगत तथा व्यवसायिक | +३.५० सम्म |
| थोक (लघुवित्त वित्तिय संस्था) | +२.५० सम्म |
| थोक अन्य | +३.५० सम्म |
| ८.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ९.कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| १०.मुद्धती रसिद धितोमा | मुद्धतीखाताको व्याजदरमा थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ । |
| ११.छोटो आवधिक कर्जा (Short Term Loan) | +३.५० सम्म |
| १३.कृषि, हस्तकला तथा सीपमुलक व्यवसाय एवं उद्यम व्यवसाय (रु. २ करोड सम्म) | +२.०० सम्म |

**स्थिर ब्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | ११.००% | ११.५०% | १२.००% |
| व्यवसायिक कर्जा | ११.२५% | ११.५०% | १२.००% |
| सवारी कर्जा | ११.७५% | १२.२५% | - |
| व्यक्तिगत कर्जा | १२.००% | १२.५०% | १३.००% |

**नोटः**

बैकको पछिल्लो तीन महिनाको औसत आधार दर (जेठ मसान्त सम्मको) ८.९६% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी निर्धारण हुनेछ ।

सामाजिक सुरक्षा भत्ता वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ ।

बैंक जमानत/प्रतितपत्र दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ ।

ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ ।
अन्यको हकमा पेनल व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ ।

विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्वन्धी व्यवस्था बमोजिम जेष्ठ नागरिक, दलित, मुक्तकमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्नवर्ग कर्जाको व्याज दरमा एक प्रतिशत सहुलियत हुनेछ ।

साविकको हाम्रो सुरक्षा वचत खाताको नाम परिर्वतन गरी हाम्रो वचत खाता राखिएको छ ।

कर्जाको व्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ ।

भद्रपुर नगरपालिका
नगर कार्यपालिका कार्यालय
भद्रपुर, झापाको

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०३/३१)**

यस भद्रपुर नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम् योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आव्हान गरिएको छ । आवेदकले दरखास्त फारामा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साइजको फोटो २ प्रति टाास गरी सोका साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र भद्रपुर नगरपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनुपर्नेछ ।

**तपसिल**

१. विज्ञापन नंः ८०/८१-०५, पद र माग संख्याः ०३

| सि.नं. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | ८०/८१-०५ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | २ |
| २ | ८०/८१-०६ | | समावेशी (अपाङ्गता) | १ |

२. **सेवाको किसिमः** करार सेवा

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) नेपाली नागरिक,
(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम् कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
(ग) पुरुषका हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको,
(घ) उम्मेदवार भद्रपुर नगरपालीकाको स्थायी वासिन्दा हुनुपर्नेछ ।
(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,
(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,
(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्यांक व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने ।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००/ (पच्चीस हजार रुपैयाँ मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।

**५. उम्मेद्वारको उमेर**

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात् मिति २०८१/०४/१४ गतेसम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।
(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात् मिति २०८१/०४/१४ सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।

**६. उम्मेद्वारको छनोट विधिः** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तरवार्ता ।

**७. दरखास्त फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान**

(क) भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा नै बुझाउनुपर्नेछ ।
(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेदवारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय-पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ ।

**८. परीक्षा दस्तुरः** खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रू. ५००/ खुलासँगै समावेशी (अपङ्गता) सिटमा थप रू.१००।-

**९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** कार्यालयको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ।

**१०. दरखास्त फाराम भर्ने मितिः** २०८१/०३/३१ देखी २०८१/०४/१४ सम्म ।

**११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिनभित्र जानकारी गराइने छ । साथै यस भद्रपुर नगरपालिकाको सूचनापाटी र वेवसाइट समेत टाँस गरिने छ ।

**१२. पाठ्यक्रमः** नगरपालिको वेबसाइट वा कार्यालयको सूचनापाटिबाट प्राप्त गर्न सकिनेछ ।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिनसम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस पालिकालाई हुनेछ।

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस पालिकाको कार्यालयको टेलिफोन नं ०२३५२३७८१मा सम्पर्क गरी बुझ्न सकिने छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## प्राकृतिक विपत्तिबाट जनधनको रक्षा गरौं

यतिबेला नेपालमा बहुसंख्यक जनता अबिरल वर्षासँगै चट्याङ्, बाढी, पहिरो, भूक्षयबाट पीडित छन् । विगत तीन हप्तादेखि वर्षासँगै शुरू भएको प्राकृतिक विपद्बाट देशभरको जनजीवन आक्रान्त भएको छ । यो महिनामा मात्र पहिरो, बाढी र डुबानबाट एक सय धेरैको ज्यान गइसकेको र सयौं बेपत्ता भएका छन् । हजारौं मानिस घरबारविहीन र लाखौं मानिस प्रत्यक्ष-परोक्ष प्रभावित भएका छन् । हजारौं घर क्षतिग्रस्त बनेका छन्, बाढी र डुबानबाट हजारौं चौपाया र दोपाया मरेका छन् । हुन त प्राकृतिक विपत्ति बाजा बजाएर आउने होइन र यसलाई टार्न पनि सकिन्न, तर सूचना र प्रविधिको युगमा सम्भावित विपद्को पूर्वानुमान मात्र होइन, त्योसँग जुध्ने पूर्व तयारी गर्न सकिन्छ, गर्नुपर्छ । सम्भावित विपद्को पूर्वानुमान समेत गर्न नसक्दा निम्तिएका ठूला-ठूला विघ्न र क्षतिले विपद्सँग जुध्ने तयारीको कमी भएको नै देखाउँदै आएको छ ।

अर्को दु:खको कुरा विपद्पछिको उद्धार र राहतमा देखिएको ढिलासुस्ती र अकर्मण्यता भएको छ । अहिले मुलुकमा सरकार छ कि छैन भन्ने द्विविधा छ । राज्यपक्ष उदासीन छ । चितवन, धादिङ, कास्की, बाग्लुङ, कञ्चनपुर, कैलाली जस्ता ठाउँमा भएका विनाशकारी महाविपत्तिबाट जनधनको सुरक्षा कसरी गर्ने भन्ने सोचिदिने सरकार छैन । जनताको मतको प्रतिबिम्बन देखिने संसद् लुछाचुँडीमा छ । एउटा प्रधानमन्त्री जाँदै छन्, अर्का प्रधानमन्त्री आउँदैछन् । उद्धार र राहत कसले गर्ने ? आशातीत रूपमा प्रभावकारी काम हुन नसक्ने हरेक वर्षाको नियति हुने गरेको छ । पहिरो, बाढी र डुबानले बेघर पारेका हजारौं परिवार थातथलोको टुङ्गो नलागेर बिचल्लीमा पर्ने र पुन:स्थापनाको पर्खाइमा रहने गरेका छन् । यस्तो सङ्कट सामना गर्न सरकारी संयन्त्रको आश गर्नु लोककल्याणकारी राज्यव्यवस्थामा सर्वथा जायज हो, तर राज्यभन्दा पनि राहत र उद्धारमा स्थानीय सामाजिक संघ-संस्था, गैरसरकारी संस्था र राहत सङ्कलन गरेर सुरक्षित स्थलका अन्य जनताले खेलेको भूमिका नै बढी प्रभावकारी देखिने गरेको छ ।

एकतामा बल हुन्छ । उद्धार र राहतमा सामुहिक, योजनाबद्ध र प्रभावकारी रूपमा काम हुन जरूरी छ । उपल्लो निकायभन्दा मुख्यत: स्थानीय सरकारबाट धेरै ठूलो भरथेग र आडभरोसा दिन आवश्यक छ । संविधानप्रदत्त स्थानीय सरकारमा आएको शक्ति, अधिकार तथा कर्तव्यलाई जनप्रतिनिधिले ग्रहण गर्न सके जनताले प्राकृतिक विपत्तिबाट विगतमा पाउँदै आएको जस्तो भुक्तमान व्यहोर्नु पर्दैन । सबै पक्ष पीडित जनताका लागि साथ र सहयोग गर्न तयार हुनुपर्छ । चुनावका बेला सयौं हजारौं कार्यकर्ता परिचालन गर्ने र चुनावी प्रचारप्रसारमा लाखौं रुपैयाँ खर्च गर्न नहिच्किचाउने दल तथा नेताहरू विपत्तिका बखत जनतालाई साथसहयोग गर्न तयार हुनुपर्छ । फगत सत्ता र कुर्सी मात्र राजनीतिको उद्देश्य होइन । जनताको दु:खप्रति उपेक्षा बन्द गर्न जरुरी छ । प्राकृतिक विपत्तिबाट जोगाउन भूमिका खेल्नुपर्ने सबैको कर्तव्य हो, मानवताको नाताले राज्यको मुख ताक्नेभन्दा आफैँ अघि सरेर काम गर्नुपर्छ । राज्य पनि आफ्ना सबै निकाय परिचालन गरेर जनताको सुरक्षा गर्न अग्रसर हुन जरुरी छ ।

# नेकपा माओवादी केन्द्रको अबको यात्रा कता ?



तीर्थराज खरेल

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) विगत नौ वर्षयता पहिलोपटक संघीय र प्रदेश सरकारबाट बाहिररिनु पर्ने अवस्था सृजना भएको छ। सत्ता र शक्तिबाट यति चाँडै विमुख हुनुपर्ने होला भनी अनुमान लगाउन अप्ठ्यारो पनि थियो। माओवादी केन्द्रका कार्यकर्ता तथा नेताका लागि र आमजनताका लागि पनि। अहिलेको अवस्थाले माओवादी केन्द्रका आम शुभचिन्तक र कार्यकर्तामा निराशा बढेको छ। धेरैलाई लाग्दो हो यो परिघटना व्यक्तिगत महत्वकांक्षा र पदप्रतिको आसक्तिको अन्त्य हो भनेर। सत्ताबाट बाहिरिनु पर्दा विपक्षीलाई विरोध गर्न सिद्धान्तको लेप लगाउन पनि शुरु भइसकेको छ।

व्यक्तिगत महत्वकांक्षाबाट सृजित समस्यालाई सिद्धान्तको माला पहिराउने आमनेपाली कम्युनिष्टहरुको साझा रोग हो। गद्दार, अवसरवादी, मध्यपन्थी, सामन्तवादी, कठमुल्लावादी, दलाल जस्ता शब्दावलीहरूको विमतिमा पार्टी विभाजनको दुश्चक्र खेप्नु परेका दिनहरु बितेको पनि धेरै भएको छैन। फराकिलो रूपमा बुझ्दा हरेक अन्तरविरोध राजनीतिक र सैद्धान्तिक नै हुन्छन्। तथापि अहिले नेकपा माओवादीभित्रको निराशा र छटपटी विरोधीहरु विशेषतः नेकपा एमालेसँगको छिनाझप्टीलाई सैद्धान्तिकीकरण गरेबाट पुरानो रोगको पुनरावृत्ति भएको नै मान्न सकिन्छ। माओवादी केन्द्रको उद्भवलाई हेरौँ। तत्कालीन नेकपा (माओवादी)ले मार्क्सवाद, लेनिनवाद र माओवादको पथप्रदर्शनमा पददलित, भोकानाङ्गा, शोषितपीडित, राज्यको मूलधारबाट अलग्गिएका, विकासको प्रवाहबाट वञ्चितीमा परेका उत्पीडितहरूका आवाज बन्ने दाबीसहित २०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्धको शुरुवात गरेको थियो।

जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, वर्गीय उत्पीडनमा परेका हेपिएका, दलिएका र विभेदको शिकार भई उपेक्षामा बाँचिरहेका जनतालाई मुक्ति दिलाउने उदघोषका साथ प्रारम्भ भएको माओवादी आन्दोलन यतिबेला शान्तिपूर्ण चुनावी प्रतिष्पर्धाको राजनीतिमा रूपान्तरित भएको छ। तर, पनि माओवादी केन्द्रका सुप्रिमो प्रचण्ड आफूमा जनयुद्धको ह्याङ्ओभर बाँकी नै रहेको जनाउ दिन्छन्। बहुदलीय प्रतिष्पर्धाबाट श्रेष्ठता कायम गर्दै संसदीय व्यवस्थाको माध्यमबाट आमूल परिवर्तन हुन सक्ने विचारका साथ अघि बढ्ने उद्देश्य बोकेको जनताको बहुदलीय जनवादलाई सैद्धान्तिक आधार मान्ने नेकपा एमालेको बाटोमा माओवादी केन्द्र आइपुगेको हो भने माओवादी केन्द्रको आफ्नो पहिचान खै ?

माओवादी सशस्त्र सङ्घर्षको लाइन छोडेर एमालेसँग गरेको एकता पनि फापेन। यसप्रति प्रचण्डमा संशय उब्जेर एकीकृत पार्टीभित्रको अन्तरविरोध तीव्र भएर पार्टी विभाजन भएको धेरै भएको छैन। यो बेलामा आफूले लिएको बाटोप्रति पुष्पकमल दाहाल 'प्रचण्ड' अझै पनि अलमलमा छन्। उनलाई पश्चाताप र ग्लानि भएको हो ? नेपाली जनताको सुख-दुःखमा साथ दिने र अन्याय-अत्याचारको बिरुद्धमा सत्य र न्यायको पक्षमा दृढतापूर्वक अघि बढ्ने कसम खाएका थिए माओवादीले जनयुद्ध शुरु गर्दा। उनीहरूले जनयुद्ध शुरु गर्दा माओवादी नेताका गुरु मानिने तर जनयुद्धका धुँवाधार विपक्षी नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले माओवादीहरूलाई 'क्यारिएरिस्ट' अर्थात् पदमा पुग्न अवसर खोज्ने र पद प्राप्तिका लागि जस्तासुकै काम गर्न पनि तयार हुने भनेर आरोप लगाएका थिए।

पार्टीभित्रको अव्यवस्था, माओवादीभित्र पन्पिएको दम्भ र मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओको आदर्शबाट अघि बढेको दावी गर्ने माओवादीको सादा जीवन र उच्च विचारको बद्ला सर्वसाधारण जनताभन्दा फरक ढङ्गको उच्च जीवन र व्यावहारिक पुष्ट्याइँबाट आफूले लिएको विचारलाई श्रेष्ठता प्रमाणित गर्न नसकेको माओवादीको अक्करिलो अवस्था कै कारणले माओवादी आन्दोलन परिमार्जनसहित विश्रामको निम्ति तयार भएको कटु सत्य हो। नेकपा (माओवादी केन्द्र) साङ्गठानिक रूपमा माओवादी आन्दोलनको मूल प्रवाह थियो। नेपाली कम्युनिस्ट आन्दोलन सारसङ्ग्रहवाद र संशोधनवादबाट आक्रान्त भएको निष्कर्षसहित सत्ता कब्जा गर्न शुरु गरिएको त्यो जनयुद्ध विद्रोहको मूल



नेता प्रचण्ड कै शब्दमा माले वा एमाले र मोहनविक्रम सिंहको सुधारवादको बिरुद्धमा समेत थियो। उनले विर्सजनवादीको दर्जामा राखेको एमालेविरुद्ध समेत शुरु गरिएको अभियानले आज एक चक्र पूरा गरेको छ।

नबुझेको कुरा के हो भने माओवादी आन्दोलन गलत थियो कि सही भन्ने प्रश्नको जवाफ दिन आज कसैलाई त्यति रुचिकर लाग्दैन। माओवादी केन्द्र आफैँ सारसङ्ग्रहवाद र संशोधनवाद तथा सुधारवादको चपेटामा परेको छ। वाममोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त पहलमा सञ्चालित जनान्दोलनबाट पुनःस्थापित बहुदलीय व्यवस्थालाई साम्राज्यवादी बहुदल भनेको तत्कालीन नेकपा मोटो मशाल कालान्तरमा माओवादी हुँदै माओवादी केन्द्रमा रूपान्तरित भएको थियो। बहुदलीय प्रतिस्पर्धा र शान्तिपूर्ण आन्दोलनको बाटो अख्तियार गर्दै २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा नेकपा (एमाले)ले एकमना सरकार बनायो। तर, त्यही बेला पुष्पकमल दाहालको नेतृत्वमा उनको पार्टीले नेपालमा जनयुद्ध उठानको अपरिहार्यतालाई औँल्याउँदै पार्टीको समग्र सैन्य योजना तय गरेको थियो।

प्रचण्डलाई प्रश्न छ- प्रतिक्रियावादी सत्तालाई ध्वंश गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न अग्रसर जनयुद्धको बाटो सफल भएको हो वा त्यो बाटो सही नभएर स्वाभाविक रूपमा शान्तिपूर्ण, प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणालीसम्म आइपुगेको हो ? माओवादीले शुरु गर्ने विद्रोह झापा विद्रोहको झिल्को जस्तो अल्पकालीन होइन, सम्पूर्ण राज्यसत्ता ध्वस्त पार्ने आगो जस्तो हुने घोषणा उनीहरूले गरेका थिए। दुई दशकपछि झापा विद्रोहीहरूले नेतृत्व गरेको एमालेसँग प्रचण्डहरूको एकता भयो। माओवादीको एमालेसँगको एकता दुई पार्टीबीचको साङ्गठानिक एकता बढी, वैचारिक एकता कम भएकै कारण विभाजनको शिकार हुनु परेको थियो। माओवादी पार्टीको अवस्था किन खस्किरहेको छ ? लोकतान्त्रिक धारमा अवतरित भएको मानिएकोमा प्रचण्ड आजको अवस्थामा पुगेका हुन् कि जनयुद्धको लाइन छोडेका कारण यो अवस्था सृजना भएको हो ?

नेकपा मालेका महासचिव जननेता मदन भण्डारीले विश्व कम्युनिष्ट आन्दोलन र विशेषगरी नेपाली कम्युनिष्ट आन्दोलनको गहिरो संश्लेषण गरी कम्युनिष्ट आन्दोलनको मौलिक बाटोको खोजी शुरु गरेका थिए मालेको २०४६ सालमा सम्पन्न चौथो महाधिवेशनपछि।

२०४९ सालको एमालेको पाँचौं महाधिवेशनमा त्यसलाई उनले जनताको बहुदलीय जनवादको रूपमा प्रस्तुत गरे। बहुदलीय प्रतिष्पर्धालाई स्वीकारी संसदीय व्यवस्थामा भाग लिएर क्रान्तिको सहजीकरणका लागि क्रान्तिपूर्व पनि कम्युनिष्टहरु सरकारमा जान सक्छन् भन्ने जबजको सार थियो। क्रान्ति पूर्व बनेका सरकारले सुधारका कामहरु गर्दै जनवादी क्रान्ति सम्पन्न गर्नुपर्छ र यसरी क्रान्ति सम्पन्न गर्ने सिलसिलामा प्रतिक्रान्तिकारीबाट हुने अवरोध हटाउन बल प्रयोग गर्नुपर्ने हुन्छ भन्ने भण्डारीको जबजको सार हो। कम्युनिष्ट आन्दोलनले धक्का खानुपर्ने मूल कारण सर्वहारा अधिनायकत्वप्रतिको गलत बुझाइ नै हो भन्ने उनको सोचाइ थियो। सर्वहारा अधिनायकत्वको प्रयोग गर्दा कम्युनिष्ट पार्टीको विपक्षमा कानूनतः कुनै शक्ति नहुनु र पार्टीभित्रको नेतृत्वको सोचाइको बिरुद्धमा उभिन सक्ने गरी अन्तरपार्टी जनवादको अति कम अभ्यास हुने परिपाटी हुनुले कम्युनिष्ट मुलुकमा व्यक्तिगत पूँजीवादको ठाउँमा राजकीय पूँजीवादको विकास हुने खतरालाई कमरेड मदनले रसिया, चीन र पूर्वी युरोपको उदाहरण दिँदै प्रष्ट पारेका थिए।

प्रतिक्रान्तिको पक्षमा उभिएर जनताको बलिदानबाट प्राप्त उपलब्धिलाई ध्वस्त गर्न चाहने विध्वंशकारी शक्ति बाहेक अन्य वर्ग र समुदाय माथि अधिनायकत्व लादेर मात्र क्रान्तिको निरन्तरता हुन सक्छ भनी ठान्नु विश्व कम्युनिष्ट आन्दोलनका इतिहासका भूलबाट सिक्न नचाहनु हो भन्ने उनको ठम्याइ थियो। मार्क्सवाद जडसूत्र होइन, लेनिनको भाषामा मार्क्सवाद गतिशील सृजनात्मक विज्ञान हो। मार्क्सवादले ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सिकाउँछ। जर्मन कवि गोएथे भन्छन्- जीवनको रंग हरियो हुन्छ, सिद्धान्तको रंग खैरो हुन्छ। गोएथेको यो विचारलाई फ्रेडरिक एंगेल्सले आफ्ना रचनामा उदृत गरेका थिए। सिद्धान्त जीवनका लागि हो। तर, जीवन सिद्धान्तका लागि होइन।

जीवन अघि बढ्दै जान्छ र त्यसलाई सिद्धान्तले पछ्याउँदै जान्छ। तर, माओवादीमा जीवन र सिद्धान्तबीचको यस प्रकारको अन्तरसम्बन्धको बुझाइमा स्पष्टता छैन। यो संसारभरका आम कम्युनिस्टमा हुने महारोग मध्ये एक हो। एमाले, माले लगायतका अन्य कम्युनिस्ट दलमा पनि यो रोग भेटिन्छ। संसदीय दलदलमा पस्ने हो भने निस्कन गाऱ्हो छ। सरकार गिराउने, पार्टी फुटाउने अभ्यास विगतमा कम्युनिष्टहरुले पनि गरिसकेकै हुन्, तर फल के पाए ? उही निराशा, उही पेलाइ र उही विसर्जन। 'राज्यसत्ता बाहेक अरू सबै भ्रम हो' कमरेड माओको उद्धरण आत्मसात गर्दै दीर्घकालीन सशस्त्र सङ्घर्षको थालनी गर्ने पुष्पकमल दाहाल नेतृत्वको पार्टीले नेपालमा माओवादको कुशलतापूर्वक अवतरण गरेको थियो। आफ्नो पार्टी बाहेक अस्तित्वमा रहेका अन्य सबै कम्युनिस्ट पार्टीलाई दक्षिणपन्थी अवसरवादको हिमायती ठहर गर्दै दुई दशकअघि प्रचण्डले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्यसाथ दीर्घकालीन जनयुद्ध शुरु गरेका थिए। उनका लागि सत्ता सबैभन्दा बढी प्यारो छ।

२०४३ को सेक्टर काण्डमा आफ्नै गुरु मोहन वैद्य किरणलाई पदच्युत गरेर नेकपा मोटो मशालको महामन्त्री बनेका प्रचण्ड त्यस यता २०८१ सालसम्म प्रमुख वा एक नम्बरको पदमा छन्। यसले उनको पदमोह देखाउँछ। अब प्रचण्डले के गर्ने ? माओले भने झैं प्रचण्डले आफ्नै टाउकोमा आगो झोस्ने हो। गरीबका बुकुरामा, रोल्पा, रुकुमका विकट बस्तीमा रुखासुखो खाएर जनतासँग बसेका दिनहरू केबल कथा भए आज प्रचण्ड र अन्य नेताका लागि। प्रचण्डले आफ्नै विगतका निष्कर्षहरूमा गम्भीर आत्मसमीक्षा गरी 'कोर्स करेक्सन' गर्न आवश्यक छ। नत्र केबल आडम्बर मात्र हुन्छन् उनका बोलीवचन र गतिविधिहरू।तीतो लाग्न सक्छ- नयाँ संविधानको निर्माणपछि राजनीतिक रूपमा माओवादी आन्दोलनको औचित्य समाप्त भएको थियो।

माओवादी केन्द्रका दोस्रो वरियताका नेता डा. बाबुराम भट्टराईले संविधान जारी हुने बित्तिकै माओवादी केन्द्रको औचित्य सकिएको भनेर दल त्याग गरेका थिए। तर, अहिलेलाई प्रचण्ड लगायत सबै प्रिय 'क्रान्तिकारी' नेताहरुले बुझ्नुपर्ने कुरा के हो भने मुलुकमा फेरि रक्तपात र हिंसाको शुरुवात हुनुहुँदैन र गर्न सजिलो पनि छैन। जातीय, क्षेत्रीय र पहिचानका नाराले फेरि सशस्त्र युद्धको भावभूमि तयार हुँदैन। हतियारको बलमा मात्र अबको क्रान्ति हुँदैन। बल प्रयोगको अनिवार्यतालाई अस्वीकार गर्न सकिँदैन, तर मात्र हतियारको बलमा राज्यसत्ता प्राप्त हुँदैन। यसमा शङ्का छैन। मुलुकलाई जातीय र क्षेत्रीय विभाजनको दुश्चक्रमा फँसाउने र मुलकलाई अस्थिरताको भुँवरीमा रुमलिन अभिषप्त पार्न त सकिएला, तर त्यसको नियति निश्चय नै राम्रो हुँदैन।

*tirthakharel2028@gmail.com*



# काँक्राबाट 'डिटक्स वाटर'

काँक्राबाट एकदमै राम्रो डिटक्स वाटर तयार पार्न सकिन्छ। गर्मीमा यो पानी पिउनु स्वास्थ्यका लागि लाभदायक हुन्छ। तपाईं पनि घरमा सजिलै डिटक्स वाटर तयार गर्न सक्नुहुन्छ। जानौं यो बनाउने विधि र यसबाट पाइने फाइदाबारे:

**सामग्री**

डिटक्स वाटर बनाउन एउटा काँक्रो चाहिन्छ। साथमा एउटा कागती, अदुवाको सानो टुक्रा, पुदिनाको पात, चिया सिड्स एक चम्चा र एक लिटर पानी।

**बनाउने विधि**

सबैभन्दा पहिला एउटा सिसाको भाँडोमा एक लिटर पानी लिनुहोस्। अब त्यसमा काँक्रालाई स्लाइस गरेर काटेर राख्नुहोस् र कागतीलाई पनि त्यसरी नै काटेर पानीमा राख्नुहोस्। त्यसपछि उक्त पानीमा चिया सिड्स, पुदिनाको पात, अदुवाको टुक्रा सबै राखेर राम्रोसँग पानीलाई हल्लाउनुहोस्। अब यो पानीलाई रातभर यसरी नै छोड्नुहोस्। तपाईंको डिटक्स वाटर तयार भयो। अर्को दिन बिहान यसलाई छानेर पिउनुहोस्।

**फाइदा**

काँक्राबाट बनेको डिटक्स पानी पिउँदा पाचन प्रक्रिया सही रहन्छ। यसले पेटभित्रको फोहोर बाहिर निकाल्छ। यो डिटक्स पानी दैनिक रुपमा सेवन गर्न सकिन्छ। दैनिक सम्भव नभए हप्तामा दुईदेखि तीन पटक अवश्य पिउनुहोस्। यसो गर्नाले छालामा पनि चमक आउँछ। यसमा हुने काँक्रा, कागती, पुदिना तथा चिया सिड्सका गुणले शरीरमा भएको फोहोर बाहिर फालेर रगत सफा गर्न सहयोग गर्छ।

# विद्यालयस्तरीय कविता प्रतियोगिता



**बिर्तामोड, असार ३०।** २११औं भानु जयन्तीको अवसरमा नेपाल मानव धर्म सेवा समिति, मेचीले विद्यालय स्तरीय कविता प्रतियोगिता सम्पन्न गरेको छ।

झापाका १५ वटा विद्यालय सहभागी प्रतियोगितामा आधारभूत तहतर्फ सोमिका उप्रेती धुलाबारी मावि प्रथम, रोजा खड्का लिभिङ फाउन्डेशन द्वितीय, तेजकुमारी अधिकारी काँकरभिट्टा मावि तृतीय भइन् भने बौद्धमोड अंग्रेजी विद्यालयकी आयुष्मा निरौलाले सान्त्वना भएका थिए।

त्यस्तै, माध्यमिक तहतर्फ इष्ट होराइजन माविकी वाणी सापकोटा प्रथम, आदर्श मावि धुलाबारीका विकास गौतम द्वितीय, एमरल्याण्ड एकेडेमीकी कमला पौडेल तृतीय भइन् भने धुलाबारी माविकी दिलिशा घिमिरेले सान्त्वना पुरस्कार प्राप्त गरिन्।

उक्त प्रतियोगिताको निर्णायक मण्डलको भूमिका दमक बहुमुखी क्याम्पसका प्राध्यापक डिल्ली भट्टराई, नेपाली लेखक संघ झापाका सचिव एवम् समीक्षक समीरबाबु कट्टेल र लेखनाथ पुस्तकालय, चन्द्रगढीकी अध्यक्ष खगेन्द्रा खुशीले निर्वाह गरेका थिए।

साहित्यकार विनोद खनालको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको अध्यक्षता आयोजक संस्थाकी सुवर्ण बाइजीले गरेकी थिइन्। मानव धर्म युवा संगठनका केन्द्रीय सदस्य रोशन घिमिरेले सञ्चालन गरेको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष दशरथ राईले मन्तव्य राखेका थिए।



**बाढीले भिजेको मकै सडकमा सुकाउँदै किसान : हुलाकी राजमार्ग अन्तर्गत झापा गाउँपालिका वडा नं. ४ स्थित सडकमा मकै सुकाउँदै किसान । गत साता भएको वर्षाका कारण आएको बाढी बस्तीमा पस्दा भिजेको मकै सडकमा सुकाएको हो ।** *तस्वीर: रासस*

## सडक दुर्घटना हुँदा कुवेतमा जलिनाको निधन



**बिर्तामोड, असार ३०।** कुवेतमा वैदेशिक रोजगारीका क्रममा सडक दुर्घटनामा परी एक नेपाली महिलाको निधन भएको छ ।

बिर्तामोड नगरपालिका-९ घर भएकी २६ वर्षीया जलिना तामाङको कुवेतको मंगाफ क्षेत्रमा बिहीबार सडक दुर्घटनामा परी निधन भएको हो । उनलाई बाटो काट्ने क्रममा कारले ठक्कर दिएको पारिवारिक स्रोतले जनाएको छ ।

अल-जाजिरा कम्पनीमा कार्यरत उनी चार महिनाअघि कुवेत पुगेकी थिइन् । उनको एक छोरी र श्रीमान रहेको पारिवारिक स्रोतले जनाएको छ ।

# आयरल्याण्डका विषयमा झापामा प्रशिक्षण




**बिर्तामोड, असार ३०।** नेपाली विद्यार्थीहरुका लागि शैक्षिक गन्तव्यको रुपमा रहेको आयरल्याण्डका विषयमा नेपाल शैक्षिक पराशर्म संघ इक्यान झापामा एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

इक्यान झापाको आयोजनामा भएको कार्यक्रममा आयरल्याण्डको आइबाड इन्स्टियुट अफ बिजिनेश एण्ड टेक्नोलोजीका बिज्नेस डेभलपमेन्ट एक्जुकेटीभ आसना श्रेष्ठाले प्रशिक्षण दिएकी थिइन् । इन्फरमेशन सेसन अन्तर्गत आयरल्याण्डको विषयमा श्रेष्ठले इक्यान झापामा आवद्ध रहेका कन्सल्टेन्सीका सञ्चालक तथा प्रशिक्षकहरुलाई प्रशिक्षण दिएकी थिइन् ।

उनले आयरल्याण्डको शैक्षिक अवस्था, नेपाली विद्यार्थीले अप्नाउनुपर्ने प्रक्रिया, कानूनी विषयको जानकारीका साथै त्यहाँ रहेका विश्वविद्यालयको बारेमा जानकारी गराएकी थिइन् । इक्यान झापाका अध्यक्ष रोशन सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरुले शैक्षिक परामर्शका क्रममा विद्यार्थीलाई दिइनुपर्ने जानकारीका बारेमा जिज्ञासा राखेका थिए ।

आयरल्याण्ड लगायतका विभिन्न देशको शैक्षिक अवस्थाका विषयमा सम्बन्धित देशकै शैक्षिक क्षेत्रमा आवद्ध व्यक्तिहरुलाई झापामा ल्याएर प्रशिक्षण तथा जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको इक्यान झापाका अध्यक्ष सुवेदीको भनाइ छ । झापासहित पूर्वका विद्यार्थीले अब कुनै पनि देशको शैक्षिक अवस्थाका विषयमा शैक्षिक परामर्श लिनका लागि काठमाडौं जानु नपर्ने अध्यक्ष सुवेदीले बताए ।

नेपाल शैक्षिक परामर्श संघ इक्यानमा आवद्ध शैक्षिक परामर्श केन्द्र(कन्सल्टेन्सी)हरुलाई विभिन्न समयमा शैक्षिक गन्तब्यका रुपमा रहेका देशहरुको शैक्षिक गतिविधिका बारेमा जानकारी गराउने उद्देश्यले इक्यान झापाले कार्यक्रमहरु नियमित रुपमा गरिरहेको अध्यक्ष सुवेदीको भनाइ छ ।

## उदयपुरका ग्रामीण सडक अवरूद्ध

**उदयपुर, असार ३०।** निरन्तरको वर्षाले जिल्ला सदरमुकाम गाईघाटसँग जोडिएका अधिकांश पहाडी र ग्रामीण सडक अवरुद्ध भएका छन् ।

सडक अवरुद्ध हुँदा जनजीवन कष्टकर बनेको छ । सदरमुकाम गाईघाटदेखि रौतामाई गाउँपालिका हुँदै उत्तरी पहाडी क्षेत्र बाँसबोटे-माँझखर्क सडक वर्षाले भत्किएर अवरुद्ध छ । सदरमुकाम गाईघाट-रानीबास-रसुवा हुँदै लिम्चुङबुङ गाउँपालिकाको बलाम्ता, ताम्लिछा तथा लाकु लाफागाउँ, जाँते जोड्ने सडक धेरै ठाउँमा भत्किएकाले यातायात सञ्चालन हुन नसकेको स्थानीय हर्क बुढाथोकीले बताए ।

ताम्लीछा, बराह, बलाम्ता रसुवा गाईघाट सडक वर्षा र पहिराले अवरुद्ध भएपछि सदरमुकाम गाईघाट आवतजावत बन्द भएको ताम्लीछास्थित महेन्द्रदीप माध्यमिक विद्यालयका शिक्षक मनिचन्द्र राईले बताए । गाईघाटबाट खोटाङ सदरमुकाम दिक्तेल जोड्ने सडकमा पर्ने रानीबास, छामलिङ, फोक्सिङ्टार र सुवासहितका ठाउँमा पहिरो जाँदा सवारीसाधन सञ्चालन गर्न समस्या भएको यातायात व्यवसायी नरेश कार्कीले बताए ।

# चालक एसोसिएशनद्वारा लिम्बू परिवारलाई सहयोग



**बिर्तामोड, असार ३०।** सरकारी सवारी चालक एसोसिएशन नेपाल झापाले बिर्तामोड-५ का स्वर्गीय राजुमान लिम्बूको परिवारलाई आर्थिक सहयोग गरेको छ ।

असार २१ गते उपचारका क्रममा निधन भएका बिर्तामोड नगरपालिकाका जेसीभी चालक लिम्बूको परिवारलाई नगद ७० हजार रुपैयाँसहित दाल, चिनी, साबुन लगायत खाद्यान्न सहयोग गरेको हो ।

एसोसिएशन झापाका उपाध्यक्ष पवन राजवंशी, महासचिव खेमराज नेपालसहितको टोली स्वर्गीय लिम्बूको घरमा पुगेर समवेदना प्रकट गर्नुका साथै उनकी श्रीमती रिना लाओती (मगर)लाई सहयोग हस्तान्तरण गरेको हो ।

एसोसिएशनले बिर्तामोड, दमक, अर्जुनधारा, झापा, गौरादह, मेचीनगर, कमल, भद्रपुर, शिवसताक्षीबाट संकलन गरिएको रकम सहयोग गरीएको संस्थाका महासचिव नेपालले जानकारी दिए ।

# आमाको स्मृतिमा विद्यालयलाई सहयोग

**सुरुङ्गा, असार ३०।** आमाको स्मृतिमा सञ्चारकर्मी रामप्रसाद निरौलाले कनकाई नगरपालिका-४ कोटीहवनस्थित संस्कृत विद्यालयलाई सहयोग गरेका छन् ।

सुरुङ्गाबाट प्रकाशन भइरहेको कनकाई खबर साप्ताहिक र कनकाई खबर डट कम अनलाइनका सम्पादक रहेका रामप्रसाद निरौलाकी स्वर्गवासी माता हेमकला निरौलाको जन्मजयन्तीको स्मृतिमा कोटिहवनस्थित कनकाई गायत्री विद्यापीठको कार्यालय, कक्षाकोठा र आवासका लागि कार्पेट प्रदान गरेका हुन् ।

एक कार्यक्रमबीच पिता टीकाराम निरौला, धर्मपत्नी शान्ता निरौला, छोरा सार्थक निरौला लगायतले विद्यापीठका अध्यक्ष एवम् कनकाई धाम धार्मिक विकास संस्था कोटीहवनका सचिव यामप्रसाद खतिवडा, प्रधानाध्यापक आचार्य योगेश खतिवडा लगायतलाई हस्तान्तरण गरेका थिए ।

माता हेमकलाको २०८० साल चैत १७ मा निधन भएको थियो । माताको निधन हुनुभन्दा दुई वर्षअघि नै निरौला परिवारद्वारा 'टीकाराम-हेमकला निरौला रोटरी उत्कृष्ट पत्रकार कोष'को स्थापना गरी सो कोषबाट आएको ब्याजबाट हरेक वर्ष झापा जिल्लाका एक जना उत्कृष्ट सञ्चारकर्मीलाई नगदसहित सम्मान गर्ने क्रम शुरुआत गरिएको थियो । उक्त पुरस्कारबाट अहिलेसम्म तीन जना पत्रकार सम्मानित भइसकेका छन् ।



कनकाई धाम समितिका वरिष्ठ उपाध्यक्ष निर्मलकुमार खतिवडाको अध्यक्षता, कनकाई नगरपालिका वार्ड नं. ४ का अध्यक्ष रोशन सुवेदीको प्रमुख आतिथ्य र वार्ड सदस्य शेषप्रसाद प्रसाईंको विशेष आतिथ्य रहेको कार्यक्रममा धाम समितिका धार्मिक उपाध्यक्ष प्रकाश थापा, कोषाध्यक्ष मानबहादुर पौडेल, पूर्व उपाध्यक्ष गोपाल भट्टराई, सदस्यहरु डम्बरप्रसाद फुयाल, गोपाल खरेल, सञ्चारकर्मीहरू विकास उप्रेती, प्रेमबहादुर जिम्बा लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सुवेदीले सहकार्य गरेर विकास-निर्माणको पहल गर्न सकेमा मात्र प्रगतिको बाटोमा अघि बढ्न सकिने बताएका थिए । राष्ट्रगुरु योगी नरहरिनाथको सदिच्छा अनुरूप स्थापित संस्कृत विद्यापीठमा हाल ३७ विद्यार्थी अध्ययनरत् छन् भने जसमध्ये १२ जना विद्यार्थी छात्रावासमा रहँदै आएका छन् ।

गुरुकुल सञ्चालनका लागि वार्षिक रूपमा दुई लाख ४१ हजार रूपैयाँ स्थानीय सरकार कनकाई नगरपालिकाबाट प्राप्त हुने गरेको र कनकाई धाम संस्थाबाट चामल, ग्यास उपलब्ध गराउने र आवासमा बस्ने विद्यार्थीलाई खाना पकाउन भान्सेको पारिश्रमिक दिने गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामप्रसाद खतिवडाले जानकारी दिए ।

अध्यक्ष खतिवडाले आवासमा बस्ने विद्यार्थीका लागि केही महिनाअघि कुलप्रसाद घिमिरेबाट एक थान मिक्स्चर, विजय गजुरेलबाट एक थान फ्रिज र चन्द्र अधिकारीबाट तीन थान फ्यान सहयोग प्राप्त भएको जानकारी दिए । महासचिव दिननाथ खतिवडाले सहयोग हस्तान्तरण कार्यक्रमको सञ्चालन गरेका थिए ।


**ताजा र विश्वसनीय समाचारका लागि**
*www.purwanchaldaily.com* **लगइन गरौं ।**

**श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-५, झापा**
**कर्जा बुझाउन आउने बारे सूचना**
**पहिलोपटक प्रकाशित मितिः २०८१।०३।३१**

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा व्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा कालो सूचिमा राख्न लेखि पढाई सहकारी ऐन २०७४ बमोजीम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ ।

| १. ऋणी/जमानीकर्ताहरुको नाम | २. ऋणी/जमानीकर्ताहरुको नाम |
|---|---|
| ऋणीको नाम : नन्द लाल साह | ऋणीको नाम : महमद सकिल |
| बाबुको नाम : जोगेन्द्र साह | बाबुको नाम : महमद सलिन |
| बाजेको नाम : दुर्गा प्रसाद शाह | बाजेको नाम : महमद रामजन |
| पत्निको नाम : रुपमति साह | पत्निको नाम : अलिना खातुन |
| ना.प्र.नं. : ३६३०/१४८८ (मोरङ) | ना.प्र.नं. : ८८५४३ (सप्तरी) |
| फोन नं. : ९८०६०९४०७२ | फोन नं. : ९८२७९८८१०७ |
| ठेगाना : सैनिक मोड | ठेगाना : विर्तामोड- ०१ |
| परिवारको जमानी कर्ता : रुपमति साह | परिवारको जमानीकर्ता : अलिना खातुन |
| जमानी कर्ता : समिर मिया | जमानीकर्ता : नन्दलाल साह |
| जमानीकर्ता : मोहमद सकिल | जमानीकर्ता : मो. समिर |

**ऋण असुली उप-समिति**

**बिमालेख हरायो**

बिर्तामोडबाट काँकरभिट्टा जाने क्रममा यही मिति २०८१/०२/२० गते मेरो निम्न व्यहोराको सन नेपाल लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सुनिता राई
**ठेगाना**:- मेचीनगर-९, झापा
**पोलेसी नं.** :- १०१००००२६६७
**कम्पनीको नाम**: सन नेपाल लाइफ इन्स्योरेन्स क.

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



| बिर्तामोड सम्पर्क | दमक सम्पर्कः |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।**

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- **गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको**
- **बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको**
- **शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,**
- **प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।**
- **प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
**नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)**

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त-**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
सन्तानबाट राम्रो खबर सुन्न पाइने छ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आजको दिन फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
तपाईको आजको दिन शुभ लाभदायक रहेको छ, अकस्मातको भेटघाटले मन प्रफुल्ल हुनेछ, मिष्ठान्न भोजन प्राप्त हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा लाभदायक हुनेछ, मन प्रसन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, धार्मिक गतिविधि बढेर जानेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
तपाईको आज पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला ।